घोडाघोडी स्थानीय राजपत्र
घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्धारा प्रकाशीत
सुखड, कैलाली **सुदुरपश्चिम** प्रदेश, नेपाल

भाग २ वर्ष ७ अंक ५७ २०८०फागुन २२ गते

# घोडाघोडी नगरपालिका विपद् राहत वितरण मापदण्ड २०८०

**प्रस्तावना :**

घोडाघोडी नगरपालिकाको नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी , कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस मापदण्डको नाम **"घोडाघोडी नगरपालिका विपद् राहत वितरण मापदण्ड २०८०"** रहनेछ ।

(२) यो मापदण्ड राजपत्रमा प्रकाशन भएपछि लागू हनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) ‘‘नगर प्रमुख” भन्नाले घोडाघोडी नगरपालिकाको नगरप्रमुखलाई सम्भनुपर्छ ।

(ख) ‘‘नगर उप प्रमुख” भन्नाले घोडाघोडी नगरपालिकाको नगर उप प्रमुखलाई सम्भनुपर्छ ।

(ग) ‘‘ प्रमख प्रशासकिय अधिकृत” भन्नाले घोडाघोडी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्भनुपर्छ ।

(घ) ‘‘गैर प्राकृतिक विपद”् भन्नाले महामारी, अनिकाल, डढेलो सर्पदंस, जनावर आतक, हवाई, सडक, जल वा औधोगिक दुघर्टना, आगलागि, ग्यास विष्फोटन, वातावरणीय प्रदषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा अन्य गैर प्राकृतिक कारणले उत्पन्न विपद् सम्भनुपर्छ ।

(ङ) ‘‘प्राकृतिक विपद्” भन्नाले हिमपात, असिना, अतिवृष्टि, अनावृष्टि, बाढी, भुस्खलन, डुवान खडेरी, आँधि, हावाहुरी, वतास, शीतलहर, तातो हावाको लहर, चट्यागं, भुकम्प, ज्वालामुखी विष्फोट, डढेलो वा यस्तै गैर प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्भनुपर्छ ।

(च) ‘‘विपद् ” भन्नाले कुनै स्थानमा आपतकालिन् अवस्था सृजना भै जनधनको क्षतिको साथै जीवनयापनमा र वातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्भनुपर्छ ।

(छ) ‘‘आपतकालिन अवस्था ” भन्नाले जन वा धनको क्षति हन नदिने वा कम गर्नका लागि तत्कालै उद्धार गर्नुपर्ने विपद्को अवस्था सम्भनुपर्छ

(ज) ‘‘केन्द्र ” भन्नाले घोडाघोडी नगरपालिकामा रहेको आपतकालिन कार्य सञ्चालन केन्द्र सम्भनुपर्छ ।

(झ) ‘‘विपद् व्यवस्थापन समिति ” भन्नाले घोडाघोडी नगरपालिकाको विपद् व्यवस्थापन समितिलाइ सम्भनुपर्छ

(ञ) ‘‘सरोकारवाला निकाय ” भन्नाले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद् व्यवस्थापन र राहत कार्यमा संलग्न हने वा हुन सक्ने सरकारी वा गैर सरकारी निकायहरु र सामुदायिक संघ संस्थालाई सम्भनुपर्छ र सो शब्दले संयक्त राष्ट्र संघीय वा अन्य अन्तराष्ट्रीय संघ संस्थालाई समेत जनाउदछ ।

(ट) ‘‘राहत ” भन्नाले विपद्को समयमा वा विपद्बाट प्रभावित हुन सक्ने अवस्थामा जीवन सुरक्षा गर्न, जीउ धनमाथि असर कम गर्न, मानवीय पीडा कम गर्न र मानवीय आत्म सम्मान सुनिश्चित गर्न प्रदान गरिने नगद र जिन्सी सहयोगलाई

जनाउछ ।

(ठ) ‘‘आपतकालिन पूर्व तयारी तथा प्रतिकार्य योजना ” भन्नाले घोडाघोडी नगरपालिकाको आपतकालिन पूर्व तयारी तथा प्रतिकार्य योजनालाइ जनाउदछ ।

(ड) ‘‘आपतकालिन कोष ” भन्नाले घोडाघोडी नगरपालिकाको स्थानीय विपद्व्यवस्थापन कोषलाई जनाउछ ।

(ढ) ‘‘विषयगत क्षेत्र ” भन्नाले घोडाघोडी नगरपालिकाको आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्ने संगठनात्मक संरचनामा रहेको र विभिन्न विषयमा पूर्वतयारी तथा प्रतिकार्य गर्ने समूह वा कार्यटोलिलाई सम्झनुपर्छ ।

## परिच्छेद -२
## राहत व्यवस्थापन तथा वितरण समन्वय समिति

**३. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको गठन:** घोडाघोडी नगरपालिका क्षेत्र भित्र प्राकृतिक वा गैर प्राकृतिक विपद्मा परेका नगरबासी वा उनीहरुका परिवारलाई राहत वितरण गर्न देहाय बमोजिम राहत वितरण समिति रहनेछ :-

| | |
|---|---|
| (क) नगरपालिका नगर प्रमुख | - संयोजक |
| (ख) नगरपालिका उप प्रमुख | - सदस्य |
| (ग) प्रमख प्रशासकिय अधिकृत | - सदस्य |
| (घ) वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | - सदस्य |
| (ङ) पूर्वाधार विकास शाखा प्रमुख | -सदस्य |
| (च) आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| (छ) जिन्सी शाखा प्रमुख | -सदस्य |
| (ज) स्वास्थ्य शाखा प्रमुख | -सदस्य |
| (झ) विपद् व्यवस्थापन शाखा प्रमुख | -सदस्य सचिव |

**४. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको काम, कर्तव्य र अधिकार:-**

(क) राहत वितरणको लागि आपतकालिन कोषमा आवश्यक रकम जम्मा गर्ने ,

(ख) विपद्बाट प्रभावित भएका परिवार तथा व्यक्तिको विवरण संकलन गर्न निर्देशन दिने,

(ग) राहत वितरण गर्दा प्राथमिकताका आधारमा राहत वितरण गर्न लगाउने,

(घ) विषयगत क्षेत्रलाई विषयगत क्षेत्रको राहत सामाग्रीको सुची तयार गर्न लगाई सो अनसार मात्र राहत वितरण गर्न लगाउने ,

(ङ) राहत वितरण कार्य नगरपालिका स्तरीय आपतकालीन कार्य सञ्चालन केन्द्रको समन्वयमा एकद्वार प्रणाली मार्फत गर्न लगाउने,

(च) राहत वितरण कार्यको अनुगमन तथा मुल्याकंन गर्ने,

(छ) आवश्यकता अनुसार वडास्तरमा वडास्तरीय राहत वितरण तथा समन्वय समितिहरु गठन गरि विषयगत क्षेत्रमा हने राहत वितरणमा सहभागी गराउने,

(ज) जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल गरी केन्द्रमार्फत राहत रकम प्रभावितहरुका लागि उपलब्ध गराउने ।

## अनुसूचि -३
## राहात प्राप्ती प्रकृया

**(५) राहत वितरणको लागि अपनाइने सिद्धान्तहरु :** नगरपालिकाले राहत वितरण गर्दा मानवीयता, तटस्थता, निष्पक्षता र स्वतन्त्रताका सिद्धान्तहरु आत्मसाथ गर्नेछ ।

**६.राहतको परिणाम** : (१) विपद् पिडित उद्धार र राहत मापदण्डलाई आधार मानी विपद् प्रभावित व्यक्ति तथा परिवारलाई निम्न अनसारको राहत उपलब्ध गराइनेछ :-

(क) प्राकृतिक प्रकोप तथा मानवीय कारणबाट घर, पशु चौपाया तथा गोठको क्षति भएमा  अनुसूचि - १ बमोजिम सहयोग गरिनेछ ।

(ख) विपद्बाट क्षति भएका घर टहरा निर्माणका लागि प्रचलित नीति तथा कानून बमोजिम जिल्ला बन कार्यालय तथा स्थानीय वन उपभोक्ता समिति मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

(ग) मनसुनको समयमा बाढी, पहिरो, डुवान तथा कटान लगायतका कारण पूर्ण रुपमा घर क्षति भै घरबार बिहिन हने परिवारलाइ नेपाल सरकारले तोके बमोजिम राहत प्रदान गराउन सम्वन्धित निकायसँग समन्वय र सहजीकरण गर्ने

(२) दफा ७ को उपदफा (१) मा जनसकै कुरा लेखिएको भएतापनि विपद् प्रभावितहरुको आवश्यकतालाई ध्यान दिई विपद् व्यवस्थापन समिति वा कार्यपालिकाको निर्णय गरी राहत रकम र अन्य वस्तगत सहयोग दुवै उपलब्ध गराउन सक्नेछ ।

**८. <u>राहतका लागि पेश गर्नपर्ने कागजातहरु :</u>** (१) यस मापदण्ड बमोजिम राहत सहयोगका लागि पिडितले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु निम्न रहेका छन् :-

(क) वडा कार्यालयको सिफारिस

(ख) प्रहरी मुचल्का

(ग)नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(घ) घटनासँग सम्बन्धित तस्वीरहरु

**९.<u>आपतकालीन गैर खाद्य र खाद्य सामाग्री :</u>** प्राकृतिक तथा गैर प्राकृति प्रकोपमा परि तत्काल खाद्य तथा गैर खाद्यय समाग्रि उपलब्ध गराउनु पर्ने भएमा अनुसूचि २ बमोजिम उपलब्ध गराइनेछ ।

१०. **<u>राहतको तयारी, व्यवस्थापन तथा वितरण सम्बन्धी प्रकृया :</u>** (१) विपद्को अवस्था अनुसार राहत प्राप्त गर्ने व्यक्तिको विवरण तत्काल संकलन गरिनेछ । तत्कालिन अवस्थामा राहत प्राप्त गर्ने योग्य व्यक्तिको सुची तयार गर्नुपर्दछ । विषयगत क्षेत्रको राहतको लागि सुचीलाइ परिमार्जन गर्न सकिनेछ ।

(२) वडा स्तरीय विपद् व्यवस्थापन समितिले संकलन गरेको विवरणलाई पुनरावलोकन गरी राहत प्राप्त गर्नु नपर्ने परिवारलाई हटाई छटेका परिवारलाई पारदर्शी रुपमा समावेश गर्नेछ । यसका लागि विपद्को प्रभावको आधारमा वडाले प्रारम्भिक राहतको लागि पुनरावलोकन गर्नेछ । उद्यपि जीवन सुरक्षा गर्ने सम्बन्धी राहत कार्यको सुची आइनपर्दै पनि गरिनेछ ।

(३) वडा स्तरीय विपद् व्यवस्थापन समितिले बभ्काएको राहत प्राप्त गर्ने विवरणलाइ पालिकास्तरिय राहत व्यवस्थापन तथा वितरण समन्वय समितिले पुनरावलोकन गर्न सक्नेछ ।

(४) विपद्बाट भएको क्षति अनुसार प्रदान गरिने भनिएको रकम नगरपालिका स्तरीय राहत व्यवस्थापन तथा वितरण समन्वय समिति मार्फत गरिनेछ ।

(५) विषयगत क्षेत्रको राहत सामाग्री उपलब्ध हने र भण्डारण गर्ने प्रकृया विषयगत क्षेत्रमा कार्यरत सदस्यहरुले उपलब्ध गराउनेछन् ।

(६) आवश्यकता अनसार पालिकाको राहत सामाग्री कक्षमा राहत संकलन गरिनेछ ।

(७) आपत्कालिन कार्य सञ्चालन केन्दले नदोहरिने किसिमबाट राहत वितरण योजना तयार गरिनेछ ।

(८) बन्दोबस्ती विषयगत क्षेत्रको अगुवाइमा र विषयगत क्षेत्रको समन्वयमा विषयगत क्षेत्र सँग सम्बन्धित राहत वितरण कार्य सम्पन्न गरिनेछ ।

(९) अपागंता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा राहत वितरण केन्द्रमा आउन नसक्ने व्यक्तिका लागि घरमा नै राहत सामाग्री उपलब्ध गराइनेछ ।

(१०) दातृ निकाय, मानवीय सहायता संस्था वा कनै प्रकृतिको गैर सरकारी संस्थाले राहत वितरण गर्दा राहत वितरण योजना नगरपालिकामा पेश गर्नपर्नेछ ।

## परिच्छेद -४

## <u>विविध</u>

**११. <u>राहत वितरण सम्बन्धी अभिलेख राख्नुपर्ने :</u>** राहत वितरण भएको विवरणको अभिलेख वडा समिति कार्यालय मार्फत आपतकालिन कार्यसञ्चालन केन्द्रमा राख्नेछ र सोको विवरण आवश्यकता अनुसार जिल्ला, प्रदेश तथा केन्द्रिय विपद् व्यवस्थापन समितिलाइ उपलब्ध गराइनेछ ।

**१३. <u>बाधा अधिकार फुकाउने अधिकार :</u>** यस मापदण्ड कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा हटाउनेछ । यस मापदण्ड नेपालको संविधान र अन्य प्रचलित कानून सँग बाझिएमा बाझिएको हदसम्म स्वत अमान्य हुनेछ ।

अनुसुची - १

दफा ६ को उपदफा (१) सँग सम्बन्धित

| **क.सं.** | **आर्थिक सहयोग गरिने क्षेत्र** | **रकम** |
|---|---|---|
| १ | घर नष्ट भएमा | १०,०००।- सम्म |
| २ | पशु गोठ नष्ट भएमा प्रति गोठ | ३००० देखि७०००।- |
| ३ | कृषि पशुपन्छी क्षति | ३००० देखि ७०००।- |

अनुसुची - २

दफा ९ सँग सम्बन्धित

| **सामाग्री** | **इकाई** | **१ देखि ५ जना सम्मको परिवार** | **६ देखि १० जना सम्मको परिवार** | **११ भन्दा माथि भएको परिवार** |
|---|---|---|---|---|
| चामल | के.जी | २५ | ५० | ६० |
| दाल | के.जी | १ | २ | २.५ |
| तेल | लिटर | १ | २ | २.५ |
| चिनी | के.जी | १ | २ | २.५ |
| नुन | के.जी | १ | २ | २.५ |
| खुर्सानी धलो | ग्राम | १०० | १५० | २०० |
| बेसार धलो | ग्राम | १०० | १५० | २०० |
| मसला | ग्राम | १०० | १५० | २०० |
| हाथ धुने साबुन | थान | २ | ४ | ४ |
| चिउरा | किलो ग्राम | ५ | ७ | १० |
| चाउचाउ | पेटी | १ | २ | ३ |
| विस्कुट | प्याकेट | १ | २ | ३ |
| चिनि | किलो ग्राम | १ | २ | ३ |
| नुन | प्याकेट | १ | २ | २ |
| त्रिपाल | थान | १ | २ | ३ |
| कम्बल | थान | २ | ४ | ५ |
| झुल | थान | २ | ४ | ५ |
| म्याटत्त्स | मिटर | ५ | ७ | १० |

आज्ञाले

शिव सिंह भण्डारी

प्रमुख प्रशासकीय अधिकृत